मिक्वाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थलहा, ताप्लेजुङ

१ नं. प्रदेश नेपाल

## गाउँ कार्यपालिकाको उपस्थिति तथा निर्णय

बैठक मितिः २०८०/०१/१० बैठक सङ्ख्याः ११

वैठक प्रारम्भ समयः ११:०० बजे अपरान्ह बैठक समापन समयः ०३:०० बजे अपरान्ह

| क्र.स. | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| 1. | श्री भक्त बहादुर कार्की | अध्यक्ष | | |
| 2. | श्री डण्डु लामा शेर्पा | उपाध्यक्ष | | |
| 3. | श्री ललित नारायण यादव | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| 4. | श्री राम कुमार लिम्बु | १ नं. वडा अध्यक्ष | | |
| 5. | श्री झरेन्द्र प्रसाद थापा | २ नं. वडा अध्यक्ष | | |
| 6. | श्री मचिन्द्र कुमार लिम्बु | ३ नं. वडा अध्यक्ष | | |
| 7. | श्री सदन कुमार लिम्बु | ४ नं. वडा अध्यक्ष | | |
| 8. | श्री ग्यान्जे शेर्पा | ५ नं. वडा अध्यक्ष | | |
| 9. | श्री फुपुलामु शेर्पा | सदस्य | | |
| 10. | श्री सरिता गहते | सदस्य | | |
| 11. | श्री लछीमाया विश्वकर्मा | सदस्य | | |
| 12. | श्री सलिना बराईली | सदस्य | | |
| 13. | श्री मदन कुमार विक | सदस्य | | |

अन्य उपस्थितिः

| | | | | |
|---|---|---|---|---|
| 1. | श्री लक्ष्मी मगर | क.अ. | | |
| 2. | श्री पवन भट्टराई | प्रशासन शाखा प्रमुख | | |
| 3. | श्री घनेन्द्र थापा | निजि सचिव | | |

**प्रस्ताव नं. ०१, भुमि वर्गिकरण गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ०१,** प्रस्ताव नं. १ माथी छलफल गर्दा यस पालिका भित्र रहेको भुमि वर्गिकरण गर्नको लागि ९ लाख बजेट गरि विषय विषेशज्ञ हायर गरी यथासक्य चाडो भुमि वर्गिकरण गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. २. वडा सचिव खटाउने सम्बन्धमा ।**

**निर्णय नं. २.** प्रस्ताव नं. २ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिका वडा नं. २ खोक्लिङमा वडा सचिव पदमा कार्यरत अ.सव-ईन्जिनयर श्री दावा शेर्पाको ठाउँमा वेसीगाउँ आ.वि.को प्राथमिक तहमा कार्यरत शिक्षक श्री नारायण थापालाई अर्को व्यवस्था नभए सम्म थप जिम्मेवारी सहित वडा सचिवमा खटाउने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०३, योजना/कार्यक्रम माग सम्बन्धमा ।**

**निर्णय नं. ०३,** प्रस्ताव नं. ०३ माथी छलफल गर्दा मिक्वाखोला गाउँपालिका **खोक्लिङ-लिवाङ-साँवा-पापुङ मोटरबाटो कालोपत्रे** निर्माणको लागि D.P.R. भईसकेको हुँदा उक्त मोटरबाटो कालोपत्रे निर्माणको लागि आवश्यक बजेट प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौमा माग गर्ने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०४, कृषि संचालक समिति गठन सम्बन्धमा ।**

**निर्णय नं. ०४,** प्रस्ताव नं. ०४ माथी छलफल गर्दा गाउँपालिका भित्र संचालन हुने कृषि सम्बन्धी योजना संचालनको लागि निम्न बमोजिम कृषि समिति गठन गर्ने निर्णय पारित गरियो ।

**निम्नः**

१. संयोजकः श्री भक्त बहादुर कार्की (गा.पा. अध्यक्ष)
२. सदस्यः श्री ग्यान्जे शेर्पा (५ नं. वडाध्यक्ष)
३. सदस्यः श्री गजेन्द्र थलङ (योजना शाखा प्रमुख)
४. सदस्यः श्री प्रशान्त खतिवडा (लेखापाल)
५. सदस्य-सचिवः श्री जय किशोर सिंह (कृषिशाखा प्रमुख)

**प्रस्ताव नं. ०५, बिरामीलाई उपचार खर्च दिने सम्बन्धमा ।**

**निर्णय नं. ०५,** प्रस्ताव नं. ०५ माथी छलफल गर्दा बिरामी उपचार खर्चको लागि विनियोजित रकम रु. ४,००,०००।– (अक्षरेपी चार लाख रुपैया) बाट माग निवेदन बमोजिम बिरामीको आर्थिक अवस्था, बिरामको प्रकृति, अस्पतालको रिपोर्ट आदिको परिस्थिति हेरी रु. १० हजार देखी २५ हजार सम्म विपन्न परिवारलाई राहत स्वरुप दिने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०६, सहयोग रकम सम्बन्धमा ।**

**निर्णय नं. ०६,** प्रस्ताव नं. ०६ माथी छलफल गर्दा **पुर्वाञ्चल गन्धर्व सास्कृतिक उत्थान समाज** झापाको माग निवेदन बमोजिम रु. २०,०००।– (अक्षरेपी विस हजार रुपैया मात्र) सहयोग स्वरुप दिने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०७, सिरिजंघा अध्यक्ष कप सम्बन्धमा ।**

**निर्णय नं. ०७,** प्रस्ताव नं. ०७ माथी छलफल गर्दा सिरिजंघा अध्यक्ष कप भलिवल खेलकुदमा यस गाउँपालिकाबाट सहभागी हुनको लागि खर्च रु. ८०,०००।– (अक्षरेपी ~~एक~~ असी हजार रुपैया मात्र) दिने निर्णय पारित गरियो ।

**प्रस्ताव नं. ०८, आर्थिक जरिवाना सम्बन्धमा ।**

**निर्णय नं. ०८,** प्रस्ताव नं. ०८ माथि छलफल गर्दा श्री सिंहेश्वरी आ.वि. मिक्वाखोला-०४ को लापरवाहीको कारण शैक्षिक सत्र २०७९ को विद्यार्थी विवरण IEMIS मा समयमा प्रविष्ट नगरेको हुनाले

कक्षा ८ मा अध्ययनरत विद्यार्थीको नतिजा प्रकाशनमा गर्न समस्या भएकोले कार्वाही स्वरुप प्रति विद्यार्थी रु. १०००।– को दरले छुट विद्यार्थी संख्याको आधारबाट हुन आउने जम्मा रु. ६०००।– (अक्षरेपी छ हजार रुपैया मात्र) सो विद्यालयलाई जरिवाना गराई सम्बन्धित निकायमा समस्या समाधानको लागि पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ०९, विद्यालय व्यवस्थापन गठन सम्बन्धमा ।**

**निर्णय नं. ०९,** प्रस्ताव नं. ०९ माथी छलफल गर्दा यस गाउँपालिका भित्रको संचालनमा रहेको सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति (कम्तिमा २ बर्ष कार्यअवधी सकिएका) प्रचलित ऐन कानुनको अधिनमा रहि तत्काल पुनर्गठन गर्ने निर्णय पारित गरियो ।

***आजको वैठक यहि अन्त्य गरियो ।***